दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्वन्धित

## मकवानपुरगढी गाउँपालिका

## द्धारा प्रकाशीत

# मकवानपुरगढी राजपत्र

खण्ड :२ संख्या :६ मिति :२०७५।५।७

भाग -२
मकवानपुरगढी गाउँपालिका

**ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा**

आज्ञाले
नाम : भिम वहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

# मकवानपुरगढी गाउपालीका टोल विकास संस्था सञ्चालन कार्यबिधि २०७५

**कार्यापालिकावाट स्वीकृत मितिः २०७५/२/१८**

**प्रस्तावना**

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्न गाउपालीकाका बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत रहने गरी वडा समितिलाई सहयोग पु–याउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ को २ (क) को २ को अधिकार प्रयोग गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न मकवानपुरगढी गाउपालिका प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम मकवानपुरगढी गाउ कार्यपालिकाको मिति २०७५/२/१८ गते वसेको वैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीर्कत गरि लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क."अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

ख. "गाउपालिका" भन्नाले नेपालको संविधान वमोजिम गठन भएको मकवानपुरगढि गाउपालीकालाइ जनाउदछ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ख. "गाउ कार्यपालिका" भन्नाले यस गाउपालिकाको कार्यापालिकालाइ जनाउदछ ।

ग. "गाउ सभा" भन्नाले यस मकवानपुरगढी गाउपालिकाको गाउ सभालाइ जनाउदछ ।

घ. "वडा अध्यक्ष" भन्नाले स्थानीय तहको निर्वाचनवाट निर्वाचीत वडाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

ङ. "वडा कार्यालय" भन्नाले गाउँपालिकाको वडा कार्यालय भन्ने सम्झनुपर्छ ।

च."स्थानीय स्तर" भन्नाले मकवानपुरगढी गाउँपालिकाको भौगोलिक क्षेत्र सम्झनुपर्छ ।

छ. "दर्ता प्रमाण पत्र" भन्नाले प्रकृया पुरागरि आएका टोल विकास संस्थालाइ वडा कार्यालयले दर्ता गरि दिएको प्रमाण पत्रलाइ जनाउदछ ।

ज. "टोल विकास संस्था"" भन्नाले यस गाउपालिकाको वडा कार्यालय मार्फत गठन गरिएको टोलको संस्थागत सामाजिक तथा आर्थिक विकास गर्न तोकिएको भौगोलिक क्षेत्र भित्र रहेका गाउपालिका १ देखि ६ नम्वर वडा सम्मको लागि न्युनतम ५० देखि अधिकतम ८० घरधुरी तथा वडा नं. ७ र ८ को

हकमा न्युनतम ३४ घरधुरी देखि अधिकतम ६० घरधुरीको टोलमा कम्तीमा ८० प्रतिशत घर समेटिएर गठन गरि वडा कार्यालयमा दर्ता भएको संस्थालाइ जनाउदछ ।

झ. "वचत" भन्नाले टोल विकास संस्थाका सदस्यहरुले पछि फिर्ता हुने गरि नियमित रुपमा टोल विकास संस्थामा जम्मा गरेको रकमलाइ जनाउने छ ।

ञ. "वचत कोष" भन्नाले टोल विकास संस्थाका सदस्यहरुले पछि फिर्ता हुने गरि जम्मा गरेको रकम जम्मा गरिने कोषलाई जनाउने छ ।

## २. उद्देश्य

टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

१. टोल, बस्तीस्तरमा बिभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुच  अभिवृद्धि गर्ने,

२. टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास प्रवर्द्धन  गर्ने,

३. टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

४. आर्थिक, सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर  र  अधिकार प्रदान गर्ने,

५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,

६. बस्ती टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने,

७. टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रुपमा विकास गरी सहभागितात्मक  योजना तर्जुमा, अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने,

८. टोलका सदस्यहरुमा गरिबलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने,

९. टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्ने ।

१०. वातावरणमैत्री तथा बालमैत्री गाउ घोषणा गर्ने आवश्यक सहयोग गर्ने ।

११. उत्कृष्ठ काम गर्ने टोल विकास संस्थालाई प्रोत्साहन,पुरस्कार गर्ने

१२. योजनाले निर्धारण गरेको जन सहभागिता प्रतिशतलाई पुर्ण रुपमा कार्यन्वयन गर्न तथा वडा तथा टोलमा हुने सम्पुर्ण कृयाकलापको जनतालाई अपनत्व वोध गराउने ।

## ३. गठन

## टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ :

१. गाउपालीका क्षेत्र भित्रका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

२. पहिलोपटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिका कामलाई व्यवस्थित गर्न अध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ ।एकपटक अध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुन : सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा अध्यक्ष सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिर्वायरुपमा महिला हुनुपर्नेछ ।

३. टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरिलाई एक घर एक सदस्यको रुपमा समेट्नुपर्दछ । सो सम्भब नभए कम्तीमा ८० प्रतिशत सहभागि गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागि भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

४. टोल विकास संस्थाको व्यवस्थापन ढाचाालाई स्पष्ट पार्ने अनुसूचि-१मा उल्लेखित नमूना विधान का आधारमा टोल विकास संस्थाको विधान तयार गर्नुपर्नेछ ।

५. समन्वय र मेलमिलाप कायम गराउदै सामाजिक ऐक्यवद्धता कायम गर्ने ।

## ४. दर्ता/सूचिकृत

टोल विकास संस्थाको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछ :

१. टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित वडा समितिको कार्यालय दर्ता/सूचिकृति गर्नेछ । टोल विकास संस्थालाई वडा कार्यालयमा दर्तामा दर्ता/सूचिकृति गर्दा पेश गर्ने निवेदनको नमुना अनुसूचि-२ मा उल्लेख गरिएको छ ।

टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा सम्बन्धित वडा कार्यालयले अनुसूचि-३ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

२. टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानून वमोजिम गर्न नपाउने कार्य गरेमा वडा कार्यालयको सिफारिसमा गाउपालिकले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नया टोल विकास संस्था गठन हुनेछ ।

**५. टोल विकास संस्थाको कार्यहरु**

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ :

१. टोलमा धनि, गरिबको भावना हटाई सबै सदस्यहलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२. बिभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसंग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

३. टोलमा उद्यम विकाससंग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

४. टोलमा सडक ढल लगायतका पूर्वाधार गाउपालिकाको सहमतिमा संस्थाको निर्णय अनुसार सेवा शुल्क लिन सक्ने ।

५. टोलको विकासका लागि बिभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

६. टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना बनाउने ।

७. एच.आई.भी./एड्स, अन्धविश्वास, प्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरि सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

८. टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,

९. सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा पहिचान गरी वडामा सिफरिस गर्ने,

१०. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

११. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

१२. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

१३. टोलमा भवन निमार्ण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रहरु सञ्चालन गर्ने,

१४. टोलमा रहेका सार्वजानिक, पर्ति एलानी आदि जग्गाको संरक्षणमा गाउपालिकालाई सहयोग गर्ने,

१५. गाउपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने,

१६. संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,

१७. गाउपालिकासाग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

१८ फोहरमैला व्यवस्थापन कार्यविधि २०७४ अनुसार कसैले कसुर गरेमा टोल विकास संस्थाले निर्णय गरी दण्ड जरिवाना गर्न सक्ने छ यसरी दण्ड जरिवानाबाट उठेको रकम ५० प्रतिशत गाउपालिकाको कोषमा र बाकी टोल विकासको कोषमा जम्मा गर्ने ।

१९. गाउपालिका तथा अन्य तह र निकायहरुवाट प्राप्त योजनाले निर्धारण गरेको जनसहभागिता जुटाई योजना पुर्णरुपमा कार्यान्वयन गर्ने गराउने ।

## ६. टोल विकास संस्थाको कार्य समितिको बैठक

**टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :**

१. टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

२. समितिको बैठकमा सामाजिक परिचालक,गाउपालिकाका प्रतिनिधिहरु आवश्यक कर्मचारीहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

३. सचिवले संस्थाको बैटकको निर्णयहरु बैठक पुस्तिकामा लेखि प्रमाणित गराउनु पर्नेछ ।

**७. टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**
**टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

१. संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।
२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।
३. बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने
४. छलफल हुादा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५. निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।
६. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्स सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।
८. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।
९. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।
२. एकतिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमामेजिम बैठक बोलाउने
३. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने ।
४. संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
५. तोकिएका अन्य कार्य गर्ने ।

**(ग) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने ।
२. खर्चको लेखापरीक्षण गराउने ।
३. बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।
४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्ष ागर्ने ।

**(घ) संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१. गाउपालिकासंग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।
२. संस्थाको हिसाव-किताब जाचा गर्ने ।
३. संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।
४.आवश्यकताअनुसार संस्था संचालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।
५.आवश्यकताअनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।
६. तोकिएको अन्य कार्यहरु गर्ने ।

## ८. आर्थिक व्यवस्थापन

**संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखा परिक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :**

### (क) टोल विकास संस्थाको आम्दानी

१. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।
२. टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।
३. संस्थाको विकास निमार्णका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम ।
४. संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

### (ख) खर्च

१. संस्थाको विकास निमार्णका लगि टोल विकास कोषको रकम संस्थाको निर्णयअनुसार खर्च हुनेछ
२. संस्था संचालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

### (ग) नाफा

१. टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।
२. नाफा संस्थाको निर्णयअनुसार टोलको विकासका लागि खर्च गरिनेछ ।

### (घ) लेखा

संस्थाको लेखा देहाय बमोजिम हुनेछ :

अ) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी  आम्दानी, सम्पूर्ण विकास  खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।
आ) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गनुपर्दछ ।

**(ङ) लेखापरीक्षण**
**संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछ :**

१. संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।
२. आवश्यकताअनुसार गाउपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्ने गर्नेछ।
३. संस्थाले आफ्नो वार्षिक लेखापरिक्षणको प्रतिवेदन मकवानपुरगढी गाउपालिका गाउकार्यापालिकाको कार्यलय र सम्वन्धीत वडा कार्यालयमा समेत  पेश गनुपर्नेछ ।

## ९. विविध

(क) यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरुसाग बाझिएमा बुदााहरु स्वत : खारेज हुनेछन् ।
(ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको गाउ कार्यपालिकाको निर्णयाअनुसार फुकाइनेछ ।

समाप्त

## अनुसूचीहरु १
## ....................टोल विकास संस्थाको विधान

स्थानीय रुपमा उपलव्ध श्रम सिप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमागर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो.........................टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

### १. प्रारम्भिक :

**संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधान ......................टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम .........................हुनेछ ।

(ग) यो विधान................टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(घ) यस संस्थाको कार्यालय......................मा हुनेछ ।

(ङ) यस संस्थाको सिमाना देहाय बमाजिम हुनेछ : पूर्व.....................पश्चिम....................... उत्तर....................दक्षिण.......................

### २. परिभाषा :

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :**

१. 'संस्था' भन्नाले.......................टोल विकास संस्थालाई समझनुपर्छ ।

२. 'विधान' भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

३. 'साधारणसभा' भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

४. 'समिति' भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।

५. 'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ ।

६. 'पदाधिकारी' भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउाछ ।

### ३. संगठित संस्था हुने :

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ ।साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

(ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्रि गर्न भने पाउने छैन । संस्था बिगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति गाउपालिकामा हस्तान्तरण हुनेछ ।

**४. संस्थाका उद्देश्यहरु :**

**संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिम उद्देश्य हुनेछ :**

(क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।
(ख) टोलका ब्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने ।
(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।
(घ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागि बनाउने ।

**५. टोल विकास कार्य समितिको गठन**
**टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :**

(क) गाउपालिकाका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।
(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एक पटक अध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुन : सोहि पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिर्वाय रुपमा महिला हुनुपर्नेछ ।
(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलको सम्पूर्ण घरधुरीलाई समेट्नुपर्दछ । यदि सो सम्भब नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

**६. संस्थाका कार्यहरु :**
**टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन् :**

१. प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने

२. संस्थाका सदस्यहरुलाई उद्यमशीलतामार्फत अग्रसर गराउने आवश्यक पहल गर्ने तथा सोहि बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

३. टोलमा आईपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

४. उपलब्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

५. एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, बाल विवाह, बहु विवाह, जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने ।

६. आफ्नो टोल तथा सार्वजनिक स्थलमा बृक्षारोपण गर्ने ।

७. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने

८. टोलको वसोवास गर्ने बासिन्दाका बीचमा भवन निमार्ण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका बिषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

९. वातावरणमैत्री स्थानीय शासनका सुचकहरुको टोलमा कार्यान्वयन गर्ने र गाउ पालिकालाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

१०. आफ्नोटोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

११. हरित गाउ, उज्यालो गाउ , सफा गाउ र सम्पन्न तथा सभ्य गाउ स्थापना अभियानमा सहयोग गर्ने ।

१२. आफ्ना क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

१३. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने ।

१४. टोलमा रहेका सार्वजानिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा गाउपालिकालाई सहयोग गर्ने ।

१५. संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने

१६. गाउपालिकापालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

१७. गाउपालिकासंग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

**७. सदस्यता**

**संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ :**

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्यता बन्न इच्छुक नयाा टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहने**

**देहायको अवस्थामा सदस्य रहने छैन :**

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

तर संस्थाको निर्णयउपर चित नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) संस्थालाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।

(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

**३. साधारण-सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।**

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकार

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क)संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।

(ख) लेखापरिक्षक नियुक्ति गर्ने ।

(ग) संस्थाको लेखापरीक्षकको प्रतिबेदन पारित गर्ने ।

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजना गर्ने ।

(ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनराबेदन सुन्ने र निर्णय दिने ।

(च)संस्थाको विधान संशोधन गर्ने ।

(छ) आवश्यकताअनुसार सल्लाहाकारको मनोनयन गर्ने ।

(ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

## १३. आर्थिक व्यवस्था

(क) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछ ।

- सदस्यताबाट प्राप्त शुल्क ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।
- अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात् विवरण साधारण ासभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ

## १४. कार्यसमिति तथा पदाधिकारीको राजिनामा

(क) समितिका सदस्यहरुले सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्षसमक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिवमार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सोउपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

## १५. कार्य समितिलाई आविश्वासको प्रस्ताव

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरुउपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६० प्रतशित सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

## १६. विविध

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले विधान संशोधन हुनेछ ।

(ख) प्रचलित ऐन, नियमहरुसाग बाझिएका बुदाहरु हदसम्म स्वत : खारेज हुनेछ

## अनुसूची-२
## टोल विकास संस्थालाई वडा समितिको कार्यालयमा दर्ता गर्ने निवेदनको नमुना

मिति :...................

श्रीमान् वडा अध्यक्ष ज्यू,
वडा समितिको कार्यालय वडा नं. ............
........................................

विषय : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मकवानपुरगढी गाउपालिकाद्धारा संचालित वडा नं..........................................को.........................................................टोलमा गठन गरिएको.....................................................................टोल विकास संस्थालाई.....................................वडा समितिको कार्यालयमा दता गरिदिनुहुन अनुरोध गर्दछु । यस................................टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किस्ताभित्र सीमित रहनेछ ।

पूर्व सिमानाः

पश्चिम सिमाना :

उत्तर सिमाना :

दक्षिण सिमानाः

मकवानपुरगढी गाउपालिका
गाउ कार्यपालिकाको कार्यालय
मकवानपुर, ३ नं. प्रदेश ।

प्रमाण-पत्र

मकवानपुरगढी गाउपालिका वडा नं......स्थित...........................................मा गठन भएको.....................................................टोल विकास संस्थालाई यस वडा कार्यालयमा मिति..............................मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।
यस गाउपालिकाको आर्थिक, सामाजिक, भौतीक पुर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागीताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतीको शुभकामना व्यक्त गर्दछु ।

...................
वडा अध्यक्ष